" सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार "

# डुङ्गेश्वर गाउँपालिका

डाँडापराजुल, दैलेख

कर्णाली प्रदेश, नेपाल

# आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम

## गाउँपालिका उपाध्यक्ष श्री कलावती न्यौपाने द्धारा डुङ्गेश्वर गाउँपालिकाको ११ औं गाउँ सभामा प्रस्तुत बजेट वक्तव्य

## २०७९ असार १० गते शुक्रबार

## " सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार "

**श्रदेय सभा अध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

**उपस्थित कर्मचारी तथा सम्पूर्ण महानुभावहरु**

१. नेपालको संविधानको धारा २३० बमोजिम डुङ्गेश्वर गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभाको ११ औं अधिवेशनमा डुङ्गेश्वर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/८० को अनुमानित आय, व्यय सहितको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै गौरवान्वित भएको छु ।डुङ्गेश्वर गाउँपालिकाको यस गरिमामय गाउँसभामा उपस्थित हुनु भएका सम्पूर्ण गाउँ सभा सदस्य ज्यूहरुलाई डुङ्गेश्वर गाउँपालिका र मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा आभार प्रकट गर्दछु ।

२. संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना, विभिन्न राजनैतिक परिवर्तन र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।साथै यस क्रममा घाईते, अपांग, तथा बेपत्ता हुनु भएका र आन्दोलनमा स्वाभिमान पुर्वक सहभागि भई योगदान पुऱ्याउनु हुने सम्पूर्ण ब्यक्तिहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. "सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार" भन्ने मूल नारालाई आत्मसात गर्दैं संविधानको मर्म र भावना अनुसार जनताको सबै भन्दा नजिकको सरकार स्थानीय तह भएकोले डुङ्गेश्वर बासीहरुको अपेक्षा र आकांक्षालाई आर्थिक वर्ष २०७९।०८० को बजेट मार्फत सम्वोधन गर्ने जमर्को गरेको छु ।

**<u>सभा अध्यक्ष ज्यू,</u>**

४. अब म चालु आर्थिक वर्ष २०७८।०७९ को समिक्षात्मक प्रगति प्रस्तुत गर्न चाहन्छु ।डुङ्गेश्वर गाउँपालिकाको चालु आर्थिक वर्ष २०७८।०७९का लागि गाउँ सभाको नवौं अधिवेशनबाट प्रस्तावित कुल बजेट **<u>३७ करोड २४ लाख ९१ हजार २ सय ४३ रुपैया</u>** मध्ये चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म संघीय सरकारवाट प्राप्त रकम र प्रदेश सरकारवाट र आन्तरिक आय तर्फ रु २३ करोड ६५ लाख ८३ हजार ९ सय पैंतिस मध्ये कुल ८७ प्रतिशत राजस्व असुली एवं निकासा प्राप्त भएको छ । चालु आ.व.०७८।०७९ को जेष्ठ मसान्त सम्म, आय अनुमान मध्ये करिव ६० प्रतिशत रकम खर्च भएको देखिन्छ । जसमध्ये चालु खर्च तर्फ ६७ प्रतिशत र पुजीगत तर्फ ४४ प्रतिशत खर्च भएको देखिन्छ ।आन्तरिक आय करिव ५० प्रतिशत मात्र संकलन भएको छ ।

**गाउँ सभा सदस्यज्यूहरु,**

५. गत गाउँ सभाबाट स्वीकृत चालु आ.व. ०७८।०७९ को नीति, बजेट योजना तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाले २०७९ जेठ मसान्तसम्म गरेका कामहरुको संक्षेपमा समिक्षा गर्ने अनुमति चाहन्छु ।

❖ **<u>पूर्वाधार विकास तर्फः</u>**

६. चालू आ.व.०७८।०७९ का लागि पूर्वाधार तथा शहरी विकास तर्फ स्वीकृत योजना तथा कार्यक्रम मध्ये २०७९ जेष्ठ मसान्त सम्म वडागत रुपमा ९५ प्रतिशत योजना निर्माण सम्पन्न भैसकेका छन । त्यसैगरी राष्ट्रपति शैक्षिक सुधार योजनाहरु मध्ये १५ प्रतिशत योजना सम्पन्न भएका छन।प्रदेश अन्तरगतका ८० प्रतिशत सम्पन्न भएका छन ।५ वटा योजनाहरु टेण्डर मार्फत निर्माणको चरणमा रहेका छन जसमध्ये रकचना खानेपानीको योजना ६० प्रतिशत कुइयाताल पर्यटकिय क्षेत्र विकास योजना ५० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । हेलभाटास र यस पालिकाको साझेदारीमा ३४७ धारा निर्माण भएसंगै करिब ११ सय खानेपानी धारा निर्माण भएका छन ।

७. गाउँपालिकाको संघीय सरकार र प्रदेश सरकारवाट स्वीकृत योजना तथा कार्यक्रमहरु अधिकांश योजना तथा कार्यक्रमको ठेक्का एवं उपभोक्ता सम्झौताको काम भएको छ । तर, उक्त योजनाहरुमध्ये केही योजनाहरु स्थानीय तहको निर्वाचन, पेट्रोलियम पदार्थ तथा अन्य निर्माण सामाग्रीको मूल्यबृद्धि जस्ता विविध कारणले अधुरो रहने अवस्था आएको छ । सो को निरन्तरताका लागि संघीय सरकार र प्रदेश सरकारसँग यसै सभा मार्फत अनुरोध गर्ने प्रस्ताव समेत ल्याइएको छु ।

❖ **<u>शिक्षा तर्फः</u>**

८. आर्थिक वर्ष २०७८।०७९ मा यस गाउँपालिकाको शैक्षिक क्षेत्रमा समायानुकुल सुधार, विकास गर्न यस अवधीमा विभिन्न शैक्षिक

क्रियाकलापहरु सम्पन्न भएका भएका छन् । एकिकृत रुपमा शैक्षिक क्यालेण्डर निर्माण गरी पूर्ण कार्यान्वयन गरिएको छ । आधारभुत तहदेखी गाउँपालिका स्तरसम्मका वार्षिक परीक्षाको नतिजा प्रकाशन लगायतका कार्यहरु नियमित रुपमा सम्पन्न गरिएका छन् । ३ वटा सामुदायिक विद्यालयहरुमा २ कोठे विद्यालय भवन, २ वटा विद्यालयमा ४ कोठे भवन निर्माण कार्य भैरहेको छ भने ५ वटा विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र एउटा विद्यालयमा पुस्तकालय र एयटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण गरिएको छ ।

९. संघीय सरकार र प्रदेश सरकारवाट विद्यालय भवन बनाउन प्राप्त अनुदानहरुवाट विद्यालय भवन निर्माणाधिन अवस्थामा रहेका छन् । शिक्षा समितिको बैठक, प्र.अ. बैठक मार्फत शैक्षिक गुणस्तर वृद्धिमा प्रधानाध्यापक, शिक्षक, अविभावक सबैलाई जिम्मेवार र जवाफदेही बनाउने प्रणालीको विकास गरिएको छ ।

१०. सामुदायिक र संस्थागत विद्यालयका असल शैक्षिक अभ्यासहरुको आदान प्रदान गर्ने परिपाटिको व्यवस्थाको थालनी गरिएको छ ।डुङ्गेश्वर गाउँपालिकाका सामुदायिक विद्यालयहरुका लागी कक्षा १, २ र ३ सम्म स्थानीय पाठ्यक्रम तयार गरिएको छ । विद्यालयमा स्यानेटरी प्याड समेतको व्यवस्थापन र वितरण गरिएको छ ।

११. गाउँ शिक्षा नीति, पाँच वर्षे गाउँ शिक्षा योजना शैक्षिक दर्पण र शिक्षा पार्श्वचित्र निर्माण गरिएको छ ।विभिन्न विषयमा ४ वटा तालिम संचालन गरिएको छ । ।यसरी आगामी दिनमा शैक्षिक उन्नयन र प्रर्वद्धनका लागि समेत यस वर्षका गतिविधिहरुले टेवा पुर्याउने देखिन्छ ।

❖ <u>स्वास्थ्य तर्फः</u>

१२. ७ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्रदान भएका र १४ वटा खोपकेन्द्र तथा १२ वटा गाउँघर क्लिनिकबाट नियमित खोप सेवा प्रदान गरिएको छ ।

१३. १२ वर्ष माथिका ७० प्रतिशत जनसंख्यालाई कोरोना खोप दिइएको छ । टाइफाइड खोप संचालन गरी २३ वटा खोपकेन्द्र मार्फत ४८४७ जना बालबालिकाहरुलाई टाइफाइड विरुद्धको खोप प्रदान गरिएको छ ।

१४. स्वास्थ्य संस्थाबाट नियमित रुपमा दिईने आधारभुत स्वास्थ्य सेवाहरु निरन्तर रुपमा दिईदै आईरहेको छ भने १० शैयाको आधारभुत अस्पताल निर्माणको लागी डि. पि आर कार्य सम्पन्न भएको छ ।

१५. यस अवधिमा जेष्ठ नागरिक परिचयपत्र, अपांग परिचय पत्रलाई सहजरुपमा वितरण गराउनुका साथै नगरपालिका र कर्णाली प्रदेशको छोरी जन्म वचत कार्यक्रम संचालन गर्दै आएको छ, लैगिंक तथा सामाजिक सशक्तीकरणका विभिन्न दिवसीय कार्यक्रममा नेतृत्व लिदै विभिन्न दिवसीय कार्यक्रमहरु संचालन गरेको छ ।

१६. गाउँपालिका तथा प्रत्येक वडा कार्यालयबाट महिला बालवालिका, अपांग, जेष्ठ नागरिक, एकल महिला, दलित, अपांगका क्षेत्रमा सम्वन्धित वर्गको मागका आधारमा विभिन्न क्रियाकलापहरु गरिएको छ ।

**गाउँ सभा सदस्यज्यूहरु,**

अव म आर्थिक विकासतर्फको प्रगति समीक्षा संक्षेपमा राख्न चाहन्छु ।

१७. पशु विकास तर्फः

- यस नगरपालिकाले पशु विकास अन्तरगत १४१ गाई, भैंसि, वाख्रामा कृतिम गर्भाधान, वाख्रालाई पि पि आर विरुद्ध खोप लगायत पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधी वितरण तथा भकारो सुधार जस्ता कार्य संचालन गरिएका छन् ।गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुवाट पशु सेवाका रेविज रोग विरुद्ध खोप, व्यवसायिक पशुपालन तालिम, घाँसको विउ वितरण, गोवर परिक्षण, वोयर वोका वितरण जस्ता कार्य गर्नुका साथै पशु पालक कृषकका विभिन्न समस्या, पशु बिमा लगायतका काममा आवश्यक सहजीकरण हुंदै आएको छ ।

❖ कृषि विकास तर्फ

१८. विभिन्न कृषि सहकारी र समूह र कृषि फर्महरुलाई कार्यक्रम अन्तरगत उत्पादनमा सहयोग जस्तैः खाद्यान्न बालीको बीउ (गहुँ, धान, मकै) बीउ विजन, च्याउको विउ, साना सिंचाई, प्लाष्टिक टनेल, सरल थोपा सिंचाई, स्प्रेयर टंकी, कृषि औजार, जैविक मल सहयोग गरिएको छ ।

१९. सिजन अनुसारका तरकारीका विउ, किटनासक औषधी, हार्मेन, भिटामिन आदी किसानहरुलाई वितरण गर्नका साथै उनिहरुको सहज

पहँचमा आवश्यक सहजीकरण गाउँपालिकाको कृषि शाखाबाट हँदै आएको छ

२०. प्रधानमन्त्रि रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत १८ वटा योजना सम्पन्न भैसकेका छन । यस कार्यक्रम मार्फत २५६ जनालाई सय दिनको रोजगारी प्रदान गरिएको छ ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत ७ वटा योजनाहरु सम्पन्न भैसकेका छन । यस कार्यक्रम मार्फत ३५९ जनालाई औसत ५० दिनको रोजगारी प्रदान गरिएको छ ।

२१. पञ्जिकरण शाखातर्फ

- अनलाइन मार्फत ९८४ वटा व्यक्तिगत घटना दर्ता गरिएको छ ।
- बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ ।

२२. अब म आर्थिक वर्ष २०७९।०८० को राजश्वको आय र व्यय सहितको बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथामिकता यस गरिमामय गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

२३. उदेश्यहरुः

(क) उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी डुङ्गेश्वर गाउँपालिकाको उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

(ख) गाउँपालिकामा उपलब्ध स्रोत साधन श्रम पुंजी र प्रविधिको प्रयोग र परिचालन मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्ने

(ग) संघ र प्रदेश संगको समन्वय र सहकार्यमा विकास निर्माणका क्रियाकलापहरु संचालन गरी समृद्ध डुङ्गेश्वर निर्माण गर्ने

(घ) आर्थिक तथा सामाजिक रुपान्तर मार्फत सन्तुलित समावेशी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने ।

२४. **बजेटका प्राथामिकताहरु निम्नानुसार रहनेछनः**

(क) कृषि क्षेत्रको सुधार तथा रुपान्तरण

(ख) उत्पादन र उत्पादकत्व वृद्धि

(ग) रोजगारी सिर्जना र गरिबी निवारण

(घ) स्थानीय आर्थिक विकास

(ङ) मानव संसाधन पूर्वाधारको विकास र पूजी निर्माण

(च) सुशासन र प्रभावकारी सेवा प्रवाह

२५. नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्ने स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरे बमोजिम डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को बजेट पेश गरेको छु।

२६. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत देहायका ऐनहरु स्वीकृति गरि कार्यान्यमा ल्याईनेछ।

<u>तपशिल</u>

(क) विनियोजन ऐन, २०७९

(ख) आर्थिक ऐन, २०७९

**सभा अध्यक्ष तथा गाउँ सभा सदस्य ज्यूहरु**

२७. अब म आर्थिक वर्ष २०७९।०८० को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहान्छु ।

२८. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फको **२८ करोड ८६ लाख ६३ हजार ८ सय ७६ रुपैया** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

२९. संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फको **११ करोड ५२ लाख ८९ हजार रुपैयाँ** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

३०. डुङ्गेश्वर गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार तथा अन्य कार्यक्रमबाट समेत गरी कुल बजेट **४० करोड ३९ लाख ५२ हजार ८ सय ७६ रुपैया** व्यय हुने यस गरिमामय गाउँसभामा अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

पूर्वाधार विकास तर्फ

३१. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुमा लागत सहभागिता साझेदारी जुटाउन समपूरक कोषका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वितीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **१ करोड ७० लाख** बजेट विनियोजन गरेको छु।

३२. डुङ्गेश्वर गाउँपालिकाको प्रशासकीय भवन तथा पूर्वाधार निर्माण गर्न संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वितीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **९० लाख** बजेट विनियोजन गरेको छु।

३३. डुङ्गेश्वर गाउँपालिकामा प्रकोप, विपद र राहद उद्धार व्यवस्थापनका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **५लाख** बजेट विनियोजन गरेको छु।

३४. डुङ्गेश्वर गाउँपालिका अध्यक्ष कोष संचालन कार्यविधि २०७६ को अधिनमा रही कार्यक्रमहरु तथा योजना सम्पन्न गर्नका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **३० लाख रुपैयाँ** बजेट विनियोजन गरी अध्यक्ष विकास कोषलाई निरन्तरता दिएको छु।

३५. यसपटक वडाहरुको लागी बजेट छुट्याउँदा विगतका आ ब मा जस्तो सबै वडाहरुलाई दामाशाही रुपमा बराबर रकम विनियोजन नगरी ३५ प्रतिशत भुगोल ३५ प्रतिशत जनसंख्या र ३० प्रतिशत राजश्व संकलनलाई आधार मानी सुत्रमा आधारित भएर वडाको बजेट सिलिङ्ग निर्धारण गरिएको छ ।डुङ्गेश्वर गाउँपालिकाका ६ (छ) वटै वडाहरुमा पूर्वाधार विकासका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट पूजीगत तर्फ वडा नं १ का लागी रु ४२ लाख वडा नं २ का लागी रु ४४ लाख वडा नं ३ का लागी रु ४२ लाख वडा न ४ का लागी रु ४२ लाख वडा न ५ का लागी रु ४३ लाख वडा नं ६ का लागी रु ४२ गरी जम्मा रु. **२ करोड ५५ लाख** विनियोजन गरेको छु।

३६. स्वास्थ्य सेवा तर्फ

- डुङ्गेश्वर गाउँपालिकाका नागरिक हरुलाई एम्बुलेन्स सेवा प्रदान गर्न एम्बुलेन्स खरिद गर्नका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट **रु १७ लाख बजेट** विनियोजन गरेको छु । अस्पताल तथा स्वास्थ्य चौकीले रिफर गरेका सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
- गर्भवती जाँच र खोप कार्यक्रमलाई घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा प्रदान गरिने व्यवस्था मिलाइएको छ ।गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम उपलब्ध गराइनेछ ।
- विपन्न गरिब महिलाहरुसँग उपाध्यक्ष कार्यक्रम संचालन गरी व्यवस्थित गर्न **रु ६ लाख** बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य स्वंसेविकालाई प्रोत्साहन स्वरुप दिइदै आएको खाजा खर्चलाई निरन्तरता दिएको छु ।यसका लागी **रु ६ लाख ८४ हजार** बजेट विनियोजन गरेको छु, वडा नं ४ र वडा नं ६ मा रहेको सामुदायिक स्वास्थ्य इकाई केन्द्र व्यवस्थापनका लागी रु ३ लाख बजेट बिनियोजन गरेको छु, नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनी तोकिएका औषधी खरिदका लागी रु ९ लाख विनियोजन गरेको छु ।६ वटा स्वास्थ्य संस्थाका लागी प्रशासनिक तथा व्यवस्थापन

खर्चका लागी रु ३ लाख विनियोजन गरेको छु ।डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत स्वास्थ्य सेवा क्षेत्रको विकासका लागि रु ५ लाग गरी **कुल जम्मा २० लाख** बजेट विनियोजन गरेको छु।

- डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्रको विकासका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट **२ लाख रुपैयाँ** बजेट विनियोजन गरिएको छ।

### ३७. कृषि तथा पशुपंक्षी विकास तर्फ

- कृषिलाई व्यवसायिक बनाउन तरकारी बाली पकेट विकास कार्यक्रम आलुबाली पकेट कार्यक्रम बाखा पालन पकेट कार्यक्रमका लागी विभिन्न साझेदार निकाय सँगको साझेदारितामा प्रभावकारी बनाइने छ ।कृषिको आधुनिकीकरण यान्त्रिकिकरण विविधिकरण र बजारीकरण गरिनेछ ।गाउँपालिका भित्र बहुउदेश्यीय तथा हाइटेक नर्सरी निर्माण गरिनेछ ।कृषि तथा पशु विमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- व्यवसायिक रुपमा च्याउ खेती तथा मौरी प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिएको छु ।पशु नश्ल सुधार (कृतिम गर्भाधान) कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत कृषि क्षेत्रको विकास र पशुपंक्षी विकासका लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट **१० लाख कृषि विकास र पशुपंक्षी विकास तर्फ र रु १० लाख** बजेट विनियोजन गरिएको छ।

### ३८. शिक्षा, युवा तथा खेलकुद विकास तर्फ

- गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकासका लागी शैक्षिक गुणस्तर वृद्धि गर्न उत्कृष्ट विद्यार्थी शिक्षक प्र अ र विद्यालय सम्मान कार्यक्रम थप गरिएको छ । यसका लागी रु ६० हजार बजेट विनियोजन गरेको छु ।शिक्षकको क्षमता अभिवृद्धि गर्दै समग्र शिक्षा क्षेत्रको गुणस्तरमा टेवा पुर्‍याउनको लागी शिक्षक तालिमको व्यवस्था गरेको छु । यसका लागी रु १ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।माध्यामिक तह (SEE) परिक्षाको नतिजामा सुधार ल्याउन माध्यामिक तह संचालन भएका सबै विद्यालयमा कक्षा १० मा गणित विज्ञान र अंग्रेजी विषयको अतिरिक्त कक्षा संचालन गरिनेछ । यसका लागी रु २ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।प्र अ बैठकलाई थप प्रभावकारी बनाउन यातायात खर्च वापत विगतमा दिइदै आएको रु ५०० लाई वृद्धि गरी रु १ हजार ५ सय पुर्‍याएको छु ।यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।विद्यार्थीहरुलाई डुङ्गेश्वर गाउँपालिकाको आर्थिक सामाजिक र सांस्कृतिक विशेषताहरुको जानकारी दिलाउने उदेश्यले यस पटक कक्षा ४ र ५ को लागी स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ । यसका लागी रु १ लाख ९३ हजार बजेट विनियोजन गरेको छु ।शिक्षा कार्यक्रम संचालनका लागि रु ५ लाख गरी डुङ्गेश्वर गाउँपालिका क्षेत्रका विषयगत क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रको विकासका लागि संघीय सरकारको समानीकरण अनुदानबाट कुल रु **१६ लाख ७३ हजार** बजेट विनियोजन गरिएको छ।
- कोटदेवल क्याम्पस शैक्षिक अनुदानका लागी रु ५ लाख र कृषि क्याम्पस शैक्षिक अनुदानका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका खेलकूद मनोरञ्जन तथा युवा सम्बन्धी कार्यक्रम सचालनका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट रु. **२ लाख** बजेट विनियोजन गरेको छु।

### ३९. लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ

- डुङ्गेश्वर गाउँपालकाका महिलाहरुको सशक्तिकरण गरी विकास योजना र आय आर्जनका क्रियाकलापमा सहभागी गराइने छ ।यसका लागी लक्षित वर्ग कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिक एकल महिला अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न कार्यक्रम गरी सम्मान गरिनेछ ।
- मर्यादित महिनावारी प्रवर्द्धन छाउपडी र सामाजिक कुरिति बिरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

- महिला जनप्रतिनिधि र सरोकारवाला निकायहरुका लागी महिलाका कानूनी अधिकार सम्बन्धी तालिम तथा गोष्ठी संचालन गरिनेछ ।
- छोरी बचत कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रमा विषयगत क्षेत्र कार्यक्रम अन्तर्गत महिला विकास तथा सशक्तिकरण कार्यक्रमको लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **२ लाख ५० हजार रुपैयाँ** बजेट विनियोजन गरेको छु।

४०. <u>सूचना प्रविधि तथा विद्युतिय शासन तर्फ</u>

- कर्मचारी तथा जन प्रतिनिधिहरुको क्षमता विकासको लागी सूचना प्रविधि र विद्युतिय शासन सम्बन्धी तालिम संचालन गरिनेछ।
- गाउँपालिका तथा गाउँपालिका अन्तरगतका सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो विश्वसनिय गुणस्तरीय र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई बढवा दिइनेछ ।यसका लागी गाउँपालिका सबै वडा कार्यालय स्वास्थ्य संस्था र विद्यालयहरुमा क्रमश ई हाजिरीको व्यवस्था गरिनेछ ।यसका अलवा योजना सफ्टवयर, विद्युतिय दर्ता चलानी, वडा सिफारिस र परिचय पत्रको सफ्टवयर खरिद तथा जडान गरिनेछ । यसका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।
- सूचना प्रविधि व्यवस्थापन कार्यक्रमका लागी रु ६ लाख विनियोजन गरेको छु ।

४१. <u>विपन्न लक्षित वर्ग कार्यक्रम तर्फ</u>

- विपन्न महिला सम्बन्धी कार्यक्रम, महिला तथा बालबालिका कोष, विपन्न वालबालिका सम्बन्धी कार्यक्रम, दलित वर्ग उत्थान कार्यक्रम, आदिवासी जनजाती सम्बन्धी कार्यक्रम, अनाथ बालबालिका लक्षित कार्यक्रम, फरक क्षमता भएका व्यक्तिहरु सम्बन्धी कार्यक्रम तथा जेष्ठ नागरिक कार्यक्रम संचालन गरिने छ ।
- डुङ्गेश्वर गाउँपालिका विपन्न लक्षित वर्ग सम्बन्धी कार्यक्रम संचालनको लागि संघीय सरकारको समानीकरण अनुदानबाट वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु **<u>१६ लाख २० हजार</u>** बजेट विनियोजन गरेको छु।
- डुङ्गेश्वर गाउँपालिका रेडक्रस सोसाईटी तथा परेपकारी संस्था अनुदान सचालनका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत वत्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु.**<u>५० हजार</u>** विनियोजन गरेको छु।
- डुङ्गेश्वर गाउँपालिका सहिद परिवार तथा द्धन्द्ध पिडित सम्मान कार्यक्रम सचालनका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **<u>५० हजार</u>** बजेट विनियोजन गरेको छु।

४२. **न्यायिक विकास तर्फ**

- न्यायिक समितिका सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी तथा अदालत र न्यायिक निकायहरुको अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- मेलमिलापकर्ताहरुको पुनर्ताजकी तालिम, मेलमिलाप केन्द्र अनुगमन तथा व्यवस्थापन र गाउँपालिकामा ईजलास व्यवस्थापन गरिनेछ ।
- आफ्नो न्यायिक क्षेत्राधिकार भित्र रही समुदाय स्तरमा हुने विवादहरुको समाधान न्यायिक समिति र मेलमिलाप केन्द्र मार्फत गरिने छ ।
- डुङ्गेश्वर गाउँपालिकामा न्यायिक क्षेत्रको विकास को लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु.**<u>५ लाख</u>** बजेट विनियोजन गरको छु।

४३. <u>जन प्रतिनिधि,कर्मचारी तथा कार्यालय व्यवस्थापन तर्फ</u>

- डुङ्गेश्वर गाउँपालिकाकामा जनप्रतिनिधिको चालु आ.व. २०७८।०७९ र आगामी आ. व. २०७९।०८० को सेवा सुविधाको लागि लागि आन्तरिक श्रोत, मौज्दातबाट प्राप्त भएको रकमबाट **७० लाख** विनियोजन गरेको छु ।

- डुङ्गेश्वर गाउँपालिका ६ (छ) वटै कार्यालयको प्रशासनिक तथा चालु खर्चका लागि संघीय सरकारको समानिकरण अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **४२ लाख** विनियोजन गरिएको छ।
- डुङ्गेश्वर गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष स्थापना तथा संचालन गर्नको लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट रु. **२० लाख** बजेट विनियोजन गरेको छु।
- डुङ्गेश्वर गाउँपालिकाका कर्मचारीहरुको चालु आ.व. २०७८।०७९ को अपुग तलब भत्ताको लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट बाँकी तलब दिनको लागि **५० लाख** बजेट विनियोजन गरेको छु।
- डुङ्गेश्वर गाउँपालिकामा कार्यरत गाउँपालिका अनुदानमा रहेका स.का., विद्यालय कर्मचारी र शिक्षकहरुको आ.व. २०७८।०७९ को अपुग तलब भत्ताको लागि संघीय सरकारको राजश्व बांडफाड अनुदान बाट रु २० लाख र संघीय सरकारको समानीकरण अनुदानबाट रु २८ लाख वित्तीय हस्तान्तरण भई डुङ्गेश्वर गाउँपालिकालाई प्राप्त भएको रकमबाट बाँकी तलब दिनको लागि रु. **४८ लाख** बजेट विनियोजन गरेको छु।
- डुङ्गेश्वर गाउँपालिकाकामा कार्यरत सम्पूर्ण कर्मचारी तथा गाउँपालिका अनुदान शिक्षक र कर्मचारीहरुको आगामी आ.ब. २०७९।०८० को तलब भत्ता खर्चका लागि संघीय सरकारको संघीय सरकार र प्रदेश सरकारको राजश्व तर्फको अनुदान अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई प्राप्त भएको रकमबाट **७ करोड ४७ लाख ८४ हजार** विनियोजन गरेको छु ।
- संघीय शसर्त अनुदानबाट तलब भत्ता भुक्तानी गर्ने परिवार स्वास्थ्य तर्फका अनमी र व्यक्ति करार तर्फका स्वास्थ्य संस्थामा कार्यरत कार्यालय सहयोगीहरुको तलब भत्ता नेपाल सरकारको तलब स्केल बमोजिम हुने व्यवस्था मिलाएको छु ।
- गाउँपालिकामा कार्यरत सम्पूर्ण करार कर्मचारी, गाउँपालिका अनुदान शिक्षकहरुले खाईपाई आएको तलबमा नेपाल सरकारले वृद्धि गरे बमोजिम १५ प्रतिशत तलब बृद्धि गरेको छु ।
- विद्यालय कर्मचारीहरुको तलवमा १५ प्रतिशतले वृद्धि गरि नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरेको छु ।

**सभा अध्यक्ष मोहदय**

अब म अन्य विभिन्न क्षेत्रमा विनियोजन गरिएको बजेट बुँदागत रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

४४. डुङ्गेश्वर गाउँपालिकामा कला संगित प्रवर्द्धनसँग सम्बन्धी कार्यक्रमको लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **५० हजार** बजेट विनियोजन गरेको छु ।

४५. डुङ्गेश्वर गाउँपालिकामा गरिबसंग विशेश्वर कार्यक्रमको लागि लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **४ लाख** बजेट विनियोजन गरेको छु ।

४६. डुङ्गेश्वर गाउँपालिकामा शान्ति सुरक्षालाई व्यवस्थित गर्नको लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **३ लाख** बजेट विनियोजन गरेको छु ।

४७. डुङ्गेश्वर गाउँपालिकामा अन्तर्गत बसोबास गर्ने एकल पूरूष भत्ता ५५ वर्ष देखि माथि प्रतिव्यक्ति मासिक रू. ५०० (पाच सय) को दर, सम्बन्ध विच्छेद र ४५ वर्षमाथिका महिलाहरुलाई दोहोरो नपर्ने गरी मासिक रुपमा एकल भत्ताको कार्यक्रमको लागि संघीय सरकारको वित्तिय समानिकरणको अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **७ लाख** वजेट विनियोजन गरेको छु ।

४८. डुङ्गेश्वर गाउँपालिका गाउँपालिका स्तरिय मानवअधिकार कार्यक्रम सचालनका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **५० हजार** बजेट विनियोजन गरेको छु ।

४९. डुङ्गेश्वर गाउँपालिका वन, वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रम सचालनका लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **५० हजार** बजेट विनियोजन गरेको छु ।

५०. गाउँपालिका अन्तर्गतका सडक मर्मत संभारका लागि विगत वर्ष झै यो वर्ष ६ महिना सडक मर्मत समूह (पिटौली) का लागि संघीय सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **११ लाख** बजेट विनियोजन गरेको छु ।

५१. डुङ्गेश्वर गाउँपालिकाको सहकारी प्रवर्द्धन क्षेत्रको विकासको लागि प्रदेश सरकारको समानीकरण अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **१ लाख** बजेट विनियोजन गरेको छु ।

५२. डुङ्गेश्वर गाउँपालिकाको नयाँ प्रशासकीय भवनको फर्निचर तथा आवश्यक खरिद र व्यवस्थापनका लागि संघीय सरकारको संघीय सरकार, प्रदेश सरकारको राजश्व तर्फको अनुदान र आन्तरिक श्रोत तथा मौज्जातबाट प्राप्त भएको रकमबाट रु. **४० लाख** विनियोजन गरेको छु ।

५३. डुङ्गेश्वर गाउँपालिकाका कार्यालयको प्रशासकीय भवनमा कार्यालय व्यवस्थापनका लागी चालु तथा पुजीगत खर्चका लागि संघीय सरकारको संघीय सरकार, आन्तरिक श्रोत तथा मौज्जातबाट आवश्यक रकम विनियोजन गरेको छु ।

५४. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत संघीय बजेट तथा कार्यक्रममा समावेश भएका अनुसुची-१ बमोजिम विभिन्न योजना तथा कार्यक्रमका लागि संघीय सरकारको शसर्त अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट चालु र पुँजीगत गरी रु. **१६ करोड २३ लाख** बजेट विनियोजन गरेको छु ।

५५. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत संघीय बजेट तथा कार्यक्रममा समावेश भएका अनुसूची १ बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि संघीय सरकारको समपूरक अनुदान बाट प्राप्त भएको रकमबाट रु. **४५ लाख** बजेट विनियोजन गरेको छु ।

५६. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत संघीय बजेट तथा कार्यक्रममा समावेश भएका अनुसूची १ बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि संघीय सरकारको विशेष अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **१ करोड ३० लाख** बजेट विनियोजन गरेको छु ।

५७. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत कर्णाली प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएका अनुसूची २ बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि कर्णाली प्रदेश सरकारको शसर्त अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट चालु र पुँजीगत गरी रु. **१ करोड ५२ लाख ३० हजार** बजेट विनियोजन गरेको छु ।

५८. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत कर्णाली प्रदेश बजेट तथा कार्यक्रममा समावेश भएका अनुसूची २ बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि प्रदेश सरकारको समपूरक अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **१ करोड २६ लाख ७४ हजार** बजेट विनियोजन गरेको९ छु ।

५९. डुङ्गेश्वर गाउँपालिका अन्तर्गत कर्णाली प्रदेश बजेट तथा कार्यक्रममा समावेश भएका अनुसूची २ बमोजिमका विभिन्न योजना तथा कार्यक्रमका लागि प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत प्राप्त भएको रकमबाट रु. **५६ लाख ५५ हजार** बजेट विनियोजन गरेको छु ।

६०. डुङ्गेश्वर गाउँपालिकाको आ.व २०७९।०८० को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउँपालिकाको राजनीतिक, आर्थिक, भौतिक पूर्वाधार, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु समाजलाई न्याय, समानता, स्वतन्त्रता र विकासतर्फ डोऱ्याउन यो बजेट तथा कार्यक्रम महत्वपूर्ण भुमिका रहनेछ ।यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैको अर्थपूर्ण योगदानको अपेक्षा गरेको छु।

६१. अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका संसद ज्यू र प्रदेश सभाका माननीय मन्त्री ज्यू, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, गाउँपालिका अध्यक्ष ज्यू, सम्पुर्ण वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, बिषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधिहरु, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा डुङ्गेश्वरबासीहरु प्रति हृदयदेखि आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद ।**

कलावती न्यौपाने

उपाध्यक्ष
डुङ्गेश्वर गाउँपालिका दैलेख

| आ.व. २०७९।०८० को कुल बजेट सिलिङ्ग | | | |
|---|---|---|---|
| क्र.स. | बजेट शिर्षक | बजेट | कै. |
| १ | वित्तिय समानिकरण तर्फ (संघ) | ८८६००००० | |
| २ | वित्तिय समानिकरण तर्फ (प्रदेश) | ८३०९००० | |
| ३ | राजश्व बाँडफाँड (संघ) | ७४४५५००० | |
| ४ | राजश्व बाँडफाँड (प्रदेश) | ५२९८७६ | |
| ५ | शर्सत तर्फ (संघ) | १६२३००००० | |
| ६ | शर्सत तर्फ (प्रदेश) | १५२३०००० | |
| ७ | समपूरक अनुदान (संघ) | ४५००००० | |
| ८ | समपूरक अनुदान प्रदेश | १२६७४००० | |
| ९ | विशेष अनुदान (संघ) | १३०००००० | |
| १० | विशेष अनुदान (प्रदेश) | ५६५५००० | |
| ११ | आन्तरिक स्रोत | ३४००००० | |
| १२ | मौज्जात गत वर्षको बचत वा अल्या | १५३००००० | |
| | जम्मा | ४०३९५२८७६ | |
| | चालू तर्फ | २८८६६३८७६ | |
| | पूजी तर्फ | ११५२८९००० | |
| | जम्मा | ४०३९५२८७६ | |

| आ.व. २०७९।०८० को वडागत पुँजी तर्फ | | |
|---|---|---|
| सि.न. | शिर्षक | विनियोजन बजेट रु. हजार |
| १ | वडा नं. १ | ४२०० |
| २ | वडा नं. २ | ४४०० |
| ३ | वडा नं. ३ | ४२०० |
| ४ | वडा नं. ४ | ४२०० |
| ५ | वडा नं. ५ | ४३०० |
| ६ | वडा नं. ६ | ४२०० |

| | | |
|---|---|---|
| जम्माः | | २५५०० |

| आ.व. २०७९।०८० को वडागत चालु तर्फ | | |
|---|---|---|
| सि.न. | शिर्षक | विनियोजन बजेट रु. हजार |
| १ | वडा नं. १ | ७०० |
| २ | वडा नं. २ | ७०० |
| ३ | वडा नं. ३ | ७०० |
| ४ | वडा नं. ४ | ७०० |
| ५ | वडा नं. ५ | ७०० |
| ६ | वडा नं. ६ | ७०० |
| जम्माः | | ४२०० |

## आ.व. २०७९।०८० को राजश्व बांडफाट कार्यक्रम तथा बजेट विनियोजन

रु.हजारमा

| सि.न. | शिर्षक संकेत नं. | बजेट शिलिङ्ग | संघीय | प्रदेश | कै. |
|---|---|---|---|---|---|
| | | | ७४४५५ | ५२९.८८ | |
| १ | | कर्मचारी तलब (स्थायी) तलब, स्थानीय भत्ता, मंहगी भत्ता | २५००० | | |
| २ | | कर्मचारी तलब (करार) (तलब, पोसाक, चाडपर्व) | १४६०८ | | |
| ३ | | कर्मचारी तलब (स्वास्थ्य तर्फ करार) | ५९२९ | | |
| ४ | | शिक्षक तलब भत्ता (गाउँपालिका अनुदान) (तलब, पोसाक, चाडपर्व) | २३३१५ | | |
| | | आ.व. २०७८।०७९ को छुट तलब (स.का., विद्यालय कर्मचारी) गाउँपालिका अनुदान | २००० | | |
| ५ | | विद्युत (तलब, पोसाक, चाडपर्व) | ४२४ | | |
| ६ | | कानुन अधिकृत तलब | ७६० | | |
| ७ | | एम.आई. फिल्ड सहायक, गरिवसँग विश्वषोण, पोषण सम्बेदनशिल कर्मचारीहरु | ९०५ | | |
| ८ | | सुचना प्रविधि अधिकृत (तलब भत्ता स्थानीय भत्ता महङ्गी भत्ता) | ४५० | | |
| ९ | | अन्य भ्रमण खर्च पदाधिकारी खर्च | | ५२९.८८ | |
| १० | | स्वास्थ्य स्वंयम सेविका खाजा खर्च | ६८४ | | |
| ११ | | कर्मचारी पोशाक | ३८० | | |
| | | जम्मा | ७४४५५ | ५२९.८८ | |

| आ.व. २०७९।०८० को वीत्तिय समानिकरण अनुदान कार्यक्रम तथा बजेट विनियोजन | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रु.हजारमा |
| सि.न. | खर्च संकेत | शिर्षक | वित्तिय समानिकरण | | कै. |
| | | | संघीय | प्रदेश | |
| | | वित्तिय समानिकरण बजेट शिलिङ्ग | ८८६०० | ८३०९ | |
| १ | | समपूरक कोष (साझेदारी) | १७००० | | |
| २ | | गाउँपालिका प्रशासकीयक भवन तथा पूर्वाधार निर्माण (साझेदारी) | ९००० | | |
| ३ | | प्रकोप, विपद र राहद उद्धार | ५०० | | |
| ४ | | अध्यक्ष विकास कोष स्थापना | ३००० | | |
| ५ | | वडाहरुमा पूजीगत तर्फ | २५५०० | | |
| ६ | | एम्बुलेन्स खरिद | १७०० | | |
| | बिषयगत कार्यक्रम | | | | |
| ७ | | क) कृषि विकास कार्यक्रम | १००० | | |
| ८ | | ख) शिक्षा विकास कार्यक्रम | १६७३ | | |
| | | १.उत्कृष्ट विद्यार्थी शिक्षक प्र.अ. र विद्यालय सम्मान कार्यक्रम रु. ६० हजार | | | |
| | | २. शिक्षक तालिम संचालन रु. १ लाख ५० हजार | | | |
| | | ३. कक्षा १० को अतिरिक्त कक्षा संचालन रु. २ लाख ७० हजार | | | |
| | | ४. प्र.अ. बैठक भत्ता रु. ५ लाख | | | |
| | | ५. कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम निर्माण रु. १ लाख ९३ हजार | | | |
| | | ६. शिक्षा कार्यक्रम संचालन रु. ५ लाख | | | |
| ९ | | ग) पशु विकास कार्यक्रम | १००० | | |
| १० | | घ) स्वास्थ्य विकास कार्यक्रम | २००० | | |
| | | १. औषधी खरिद ९ लाख | | | |
| | | २. स्वास्थ्य सम्बन्धी कार्यक्रम ५ लाख | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. सामुदायिक स्वास्थ्य ईकाई केन्द्र व्यवस्थापन वडा नं. ४, र ६ मा रु. ३ लाख | | | |
| | | ४. ६ वटै स्वास्थ्य संस्थाहरुमा प्रशासनिक खर्च ३ लाख | | | |
| ११ | | ङ) महिला विकास कार्यक्रम | २५० | | |
| १२ | | च) सुचना प्रविधि विकास कार्यक्रम | | १६०० | |
| | | १. Software सम्बन्धी कार्यक्रम १० लाख | | | |
| | | २. सुचना प्रविधि व्यवस्थापन कार्यक्रम 6 लाख | | | |
| १३ | | छ) खानेपानी तथा सरसफाई कार्यक्रम | २०० | | |
| १४ | २२५२२ | विपन्न लक्षित वर्ग सम्बन्धी कार्यक्रम | १६२० | | |
| | | १) विपन्न महिला सम्बन्धी कार्यक्रम ( | | | |
| | | २) महिला तथा बालबालिका कोष | | | |
| | | ३) विपन्न बालबालिका सम्बन्धी कार्यक्रम | | | |
| | | ४) दलित वर्ग उत्थान कार्यक्रम | | | |
| | | ५) आदिवासी जनजाति सम्बन्धी कार्यक्रम | | | |
| | | ६) भिन्न क्षमता भएका सम्बन्धी कार्यक्रम | | | |
| | | ७) जेष्ठ नागरिक सम्मान कार्यक्रम | | | |
| | | ८) अन्य लक्षित वर्ग कार्यक्रम | | | |
| | | ९) लक्षित वर्ग सञ्जाल गठन | | | |
| | | १०) अनाथ बालबालिका सम्बन्धी लक्षित कार्यक्रम | | | |
| १५ | | रेडक्रस सोसाईटी तथा परोपकारी संस्था अनुदान | | ५० | |
| १६ | २७२१९ | सहिद परिवार तथा द्वन्द्ध पिडित कार्यक्रम | | ५० | |
| १७ | २७२१९ | वडागत कार्यालय संञ्चालन (चालु तर्फ) | ४२०० | | |
| १८ | २२५२२ | खेलकुद मनोरञ्जन तथा युवा सम्बन्धी कार्यक्रम | २०० | | |
| १९ | २५३१४ | कला संगित प्रवर्द्धन | | ५० | |
| २० | | गरिबसंग बिशेश्वर कार्यक्रम | | ४०० | |
| २१ | २७२१९ | न्यायिक समिति व्यवस्थापन कार्यक्रम | | ५०० | |
| २२ | | शान्ती सुरक्षा | | ३०० | |
| २३ | | एकल पुरुष, महिला | ७०० | | |
| २४ | | कृषि क्याम्पस शैक्षिक अनुदान | | ५०० | |
| २५ | | कोटदेवल क्याम्पस शैक्षिक अनुदान | ४०० | १०० | |
| २६ | | मानव अधिकार कार्यक्रम | | ५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | | सामुदायिक वन तथा वातावरण | | ५० | |
| २८ | | सवारी साधन मर्मत | | १००० | |
| २९ | | विपन्न, गरिब, महिलाहरुसँग उपाध्यक्ष कार्यक्रम | | ६०० | |
| ३० | | मसलन्ध तथा कार्यालय सामाग्री गा.पा. | | १३४९ | |
| ३१ | | ईन्धन कार्यालय प्रयोजन | ९०० | | |
| ३२ | | ऐन, नियम, कार्यविधि, कर्मचारी अनुशिक्षण | | ३०० | |
| ३३ | | कर्मचारीहरुको आ.व. २०७८।०७९ को अपुग तलब भत्ता | ५००० | | |
| ३४ | | कर्मचारी कल्याणकारी कोष स्थापना तथा संचालन | २००० | | |
| ३५ | | आ.व. २०७८।०७९ को छुट तलब (स.का., विद्यालय कर्मचारी) गाउँपालिका अनुदान | २८०० | | |
| ३६ | | मर्मत सम्भार कोष (RMG) पिटौली ६ (छ) महिना | ९०० | २०० | |
| ३७ | | ईन्धन (कार्यालय प्रयोजन) | १२०० | | |
| ३८ | | विविध खर्च | १२०० | | |
| ३९ | | सहकारी प्रवर्द्धन | १०० | | |
| ४० | | गाउँ सभा सञ्चालन खर्च | ४०० | | |
| ४१ | | घर भाडा | ८०० | | |
| ४२ | | पानी तथा बिजुली | २५० | ५० | |
| ४३ | | संचार खर्च | १५० | | |
| ४४ | | मेशिनरी तथा औजार उपकरण कार्यालय प्रयोजनको लागि | ६०० | ६० | |
| ४५ | | बिमा तथा नविकरण | ४०० | | |
| ४६ | | पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन | | ४०० | |
| ४७ | | अनुगमन तथा मुल्याकन खर्च | | ७०० | |
| ४८ | | सवारी साधन भाडा | १५७ | | |
| ४९ | | १० शैया अस्पताल (परामर्श सेवा) | १८०० | | |
| | | जम्मा | ८८६०० | ८३०९ | |

**आ.व. २०७९।०८० को आन्तरिक श्रोत तथा मौज्दात र परामर्शबाट कार्यक्रम तथा बजेट विनियोजन**

**रु.हजारमा**

| सि.न. | खर्च संकेत | बजेट शिलिङ | आन्तरिक श्रोत | मौज्दात र परामर्श सेवाबाट बजेट | कै. |
|---|---|---|---|---|---|
| | | | ३४०० | १५३०० | |
| १ | | प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता | ९०० | | |
| २ | | कर्मचारीहरुलाई प्रोत्साहन भत्ता | २००० | | |
| ३ | | ईन्धन (पदाधिकारी) | | १००० | |
| ४ | | इन्टरनेट | | १२०० | |
| ५ | | अन्य सम्पतिहरुको सम्पति मर्मत संभार | ५०० | | |
| ६ | | पुस्तक तथा सामाग्री | | १०० | |
| ७ | | सेवा र परामर्श | | ५०० | |
| ८ | | कार्यक्रम खर्च (दिवशीय कार्यक्रमहरु समेत) | | २०० | |
| ९ | | कर्मचारी बैंठक | | ३०० | |
| १० | | प्रशासकीय भवनमा व्यवस्थापन | | १००० | |
| ११ | | प्रशासकीय भवनमा फनिचर खरिद | | १००० | |
| १२ | | पदाधिकारी बैठक भत्ता | | १००० | |
| १३ | | आवश्यक सामाग्री खरिद प्रशासकीय भवनको लागि | | १००० | |
| १४ | | प्रशासकीय भवनमा फनिचर खरिद तथा अन्य सामाग्री | | १००० | |
| १५ | | आ.व. २०७८।०७९ र आ.व. २०७९।०८० जनप्रतिनिधिहरुको सेवा सुविधा | | ७००० | |
| | | जम्मा | ३४०० | १५३०० | |

**डुङ्गेश्वर गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**डाँडापराजुल दैलेख**

**कर्णाली प्रदेश नेपाल**

**आ.व. २०७९।०८० को वडा नं. १ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु**

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गैरी ढाका भवन निर्माण | १ | ६००००० | |
| २ | वडा नं १ सडक सरसर्फाई | १ | ३००००० | |
| ३ | सामुदायिक भवन मर्मत तथा शौचालय निर्माण बलेना | १ | १५०००० | |
| ४ | वडा नं १ को वडा कार्यालय घेरबार | १ | २००००० | |
| ५ | चुप्रा बजारको ढल निर्माण | १ | १००००० | |
| ६ | चुप्रा बजारको फोहरमैला व्यवस्थापन | १ | २००००० | |
| ७ | वडा कार्यालय व्यवस्थापन | १ | २००००० | |
| ८ | बधशाला निर्माण | १ | १००००० | |
| ९ | त्रिवेणी संगम मा वि शैक्षिक सुधार | १ | १५०००० | |
| १० | ने रा प्रा वि बेलपाटा पोसाक विद्यार्थी | १ | १००००० | |
| ११ | आनन्द ने रा प्रा वि खाडा पोसाक विद्यार्थी | १ | १००००० | |
| १२ | त्रिवेणी संगम मा वि १ देखि ५ सम्मको विद्यार्थी पोसाक | १ | १५०००० | |
| १३ | गैरी टोल खानेपानी निर्माण | १ | १००००० | |
| १४ | सिलाडी दलित बस्ती खानेपानी निर्माण | १ | २००००० | |
| १५ | सिचाई तथा खानेपानी पाइप खरिद | १ | १००००० | |
| १६ | नारी दिवस चर्च तिज मगर दिवस | १ | १००००० | |
| १७ | युवा युवतीलाई सिपमूलक तालिम | १ | १००००० | |
| १८ | युवाहरुको लागि खेलकुद सामाग्री | १ | ५०००० | |
| १९ | वडा नं १ मा स्वास्थ्य शिविर संचालन | १ | १००००० | |
| २० | स्वास्थ्यस्वमंसेवीलाई स्वास्थ्य बिमा | १ | ५०००० | |
| २१ | कृषि तथा पशुपालन अगुवा कृषकलाई प्रोहोत्सान ५ जनालाई | १ | ५०००० | |
| २२ | मकैको बिउ खरिद सहकारी मार्फत | १ | १००००० | |
| २३ | खाली जग्गाको लागि बिउ तथा बेर्ना वितरण | १ | ५०००० | |
| २४ | पशु पन्छीलाई औषधि खरिद | १ | ५०००० | |
| २५ | कृषि बिउ तरकारी सामाग्री खरिद वितरण | १ | ५०००० | |
| २६ | विपन्न परिवारलाई विद्युत मिटर जडान | १ | ५०००० | |
| २७ | आसकालीन विपद कोष | १ | ५०००० | |
| २८ | स्वास्थ्य चौकी औषधि खरिद | १ | ५०००० | |
| २९ | मरसाङ्गीको घर देखि खड्का टोल सम्म जाने सडक निर्माण | १ | ५०००० | |
| ३० | १००० दिने सुनौलो आमाहरुलाई पोसिलो आहर | १ | २००००० | |
| ३१ | नस्ल सुधार रागो खरिद | १ | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | साझेदारी कार्यक्रमका लागि | १ | ३०००००० | |
| | जम्मा | | ४२०००००० | |

## आ.व. २०७९।०८० को वडा नं. २ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | २ नं वडा सडक सरसफाई | २ | ४५०००० | |
| २ | देउलि बजार भित्रि सडक निमार्ण | २ | १००००० | |
| ३ | माथिल्लो बजार प्रतिक्षालय निमार्ण | २ | १५०००० | |
| ४ | गडुलि चौतारो निमार्ण | २ | १००००० | |
| ५ | सेर्माकोट बाझको रुख चौतारो निमार्ण | २ | ८०००० | |
| ६ | शिवालय सहकारी नजिक चौतारो निमार्ण | २ | ५०००० | |
| ७ | सामुदायिक भवन निमार्ण गडुलि | २ | २५०००० | |
| ८ | पिपलडाँडा गैराटोल सडक निमार्ण अतुराली | २ | १५०००० | |
| ९ | कार्यक्रम फिल्ड निमार्ण देउलि बजार | २ | २००००० | |
| १० | हजारीमाला समुह भवन मर्मत तिर्कुले | २ | ५०००० | |
| ११ | शिवालय सहकारी देउलि घेरबार | २ | ७०००० | |
| १२ | रुवाटि देखी बिजयकोट बिद्यालयसम्म सडक निमार्ण | २ | २००००० | |
| १३ | घुमिया थान चौतारो निर्मांण | २ | ५०००० | |
| १४ | खाडाखोला चिहानघाट प्रतिक्षायल निर्माण | २ | ५०००० | |
| १५ | नारिङग सिचाई पोखरी निमार्ण | २ | २४०००० | |
| १६ | भिड हिलिया घतडा सिचाई कुलो मर्मत | २ | १००००० | |
| १७ | नागेधारा सिचाई पोखरी निमार्ण | २ | २००००० | |
| १८ | ढुङगेखानि सिचाई पोखरी निर्माण | २ | १००००० | |
| १९ | रानिधारा पैयाचौर सिचाई पोखरी निर्माण | २ | २००००० | |
| २० | कार्यालय व्यवस्थापन खर्च | २ | १५०००० | |
| २१ | नागरिक आरोग्य केन्द्र | २ | १००००० | |
| २२ | सरसफाई व्यवस्थापन देउलि बजार | २ | १००००० | |
| २३ | प्रा.वि देउलि घेरबार खर्च | २ | १७५००० | |
| २४ | शिवालय प्रा.वि. त्रिकुले छाना मर्मत | २ | १००००० | |
| २५ | ने.रा. प्रा.वि उम सौचालय निर्माण | २ | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | प्रा.वि. बिजयकोट वि.व्यवस्थापन खर्च | २ | ५०००० | |
| २७ | भैरवदेवि प्रा.वि. पैयाँचौर छाना मर्मत | २ | १००००० | |
| २८ | प्रा.वि. तल्लो लाकुरी फर्निचर व्यवस्थापन | २ | ५०००० | |
| २९ | भैरव आ वि लाँकुरी छाना मर्मत | २ | १००००० | |
| ३० | गुयलि तल्लो बस्ती खानेपानि मर्मत | २ | २५००० | |
| ३१ | पातेझुला खानेपानी इन्टेक मर्मत | २ | ३०००० | |
| ३२ | बादी समुदायको मादल खोल्ने मेसिन | २ | १५००० | |
| ३३ | पन्चेबाजा संरक्षण | २ | १५००० | |
| ३४ | वडा कार्यालय व्यवस्थापन खर्च | २ | ३५०००० | |
| ३५ | मसलन्द खर्च | २ | ५०००० | |
| ३६ | विविध खर्च | २ | १००००० | |
| | जम्मा | | ४४००००० | |

## आ.व. २०७९।०८० को वडा नं. ३ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| 1 | वडा नं. ०३ कार्यालयको लागि आवश्यक पर्ने सामाग्रि कम्प्युटर फर्निचर दराज लगायत अन्य सामाग्रि खरिद | ३ | ५००००० | |
| 2 | कल्सेढुङ्गा मालिका मन्दिर निमार्ण | ३ | ४००००० | |
| 3 | राम्री सिमखेत खानेपानि मर्मत | ३ | १५०००० | |
| 4 | वाले खानेपानि मर्मत | ३ | १५०००० | |
| 5 | वाले विद्यालय छाना मर्मत | ३ | २००००० | |
| 6 | रेक्चा चौरडाडा देखि खत्रीटोल कृषि सडक निमार्ण | ३ | २००००० | |
| 7 | थालिकाँडा उचाइना कृर्षि सडक | ३ | २००००० | |
| 8 | स्यालपाखा सनिकोट सडक | ३ | ३००००० | |
| 9 | धोलि कुलो निमार्ण | ३ | ३००००० | |
| 10 | शिवमन्दिर निमार्ण वाउनगाउ हनेटा | ३ | २००००० | |
| 11 | वडा कार्यालय मष्टाथानहुदै चौखुडा जोड्ने सडक निमार्ण | ३ | ४५०००० | |
| 12 | वतासे खानेपानि मर्मत | ३ | २००००० | |
| 13 | थालिकाँडा अरिकाले टोल कुवा मर्मत | ३ | ५०००० | |
| 14 | टिमिले तटवन्ध | ३ | २००००० | |

| | | | | |
|---|---|---|---|---|
| 15 | चौखुडा दलितवस्ती कृषि सडक निमार्ण | ३ | १००००० | |
| 16 | अवलपराजुल स्वास्थय चौकी चौखुडा रङगरोगन | ३ | १५०००० | |
| 17 | 3 नं. वडा भित्रका सडक मर्मत | ३ | ४००००० | |
| 18 | थालिकाँडा दलित बस्ती कुवा मर्मत | ३ | ५०००० | |
| | जम्मा | | ४२००००० | |

## आ.व. २०७९।०८० को वडा नं. ४ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | बाउन्नेचौर तुलबुले खरितला खानिचौर सडक निर्माण | ४ | १०००००० | |
| २ | तल्लो जुकेपानी खा.पा निर्माण | ४ | १००००० | |
| ३ | विउराखेत खा.पा निर्माण | ४ | २००००० | |
| ४ | सैनिवन खा.पा निर्माण | ४ | २००००० | |
| ५ | सातमुल खा.पा निर्माण | ४ | ५००००० | |
| ६ | मौवा विद्यालय खा.पा निर्माण | ४ | १००००० | |
| ७ | दानसैनी खा.पा निर्माण | ४ | १००००० | |
| ८ | भङक नाउला खा.पा निर्माण | ४ | २००००० | |
| ९ | चौर बग्दुला खा.पा निर्माण | ४ | १५०००० | |
| १० | ४ नं. वडा भित्रका सडक मर्मत | ४ | ३००००० | |
| ११ | कपुरपानी खा.पा निर्माण | ४ | ५०००० | |
| १२ | रानावन खा.पा मर्मत | ४ | ५०००० | |
| १३ | धाराखोला खा.पा मर्मत | ४ | १००००० | |
| १४ | काब्रीविसाम खा.पा निर्माण | ४ | १००००० | |
| १५ | स्वास्थ्य चौकी व्यवस्थापन | ४ | ५०००० | |
| १६ | वडा भित्रको खा.पा मर्मतको लागि पाईप खरिद | ४ | १००००० | |
| १७ | वडा कार्यालय व्यवस्थापन तथा मर्मत | ४ | २००००० | |
| १८ | सिम खा.पा मर्मत | 4 | ५०००० | |
| १९ | केउरेपानी मर्मत योजना | ४ | १३०००० | |
| २० | विउराखेत प्रतिक्षालय मर्मत योजना | ४ | २०००० | |
| २१ | पृथ्वी प्रा वि छाना मर्मत योजना | ४ | १००००० | |
| २२ | ४ नं. वडा भित्र कृषि तथा पशु प्रर्वद्धन कार्यक्रम | ४ | ४००००० | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | ४२००००० | |

## आ.व. २०७९।०८० को वडा नं. ५ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | पाङकोट खोपकेन्द्रमा शौचालय निर्माण तथा सामाग्री खरिद | 5 | १५०००० | |
| २ | वडा नं ५ को सडक सरसफाई | 5 | ३००००० | |
| ३ | आरु सामुदायिक भवन व्यबस्थापन | 5 | ५०००० | |
| ४ | पानीनाउला शिव मन्दिर तथा प्रतिक्षालय निमार्ण | 5 | २००००० | |
| ५ | लालचना हरिकेशर घर जोडने मोटर बाटो | 5 | १००००० | |
| ६ | ढुङ्गाधारा खा पा निमार्ण | 5 | १००००० | |
| ७ | केउडापानि सिचाई पोखरी निमार्ण | 5 | १००००० | |
| ८ | टाडेपानि खा पा मुहान मर्मत | 5 | ५०००० | |
| ९ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम | 5 | १००००० | |
| १० | बास्कोटी खा पा मुहान सुधार | 5 | ५०००० | |
| ११ | पीपलचौतारा मा वि घेरावार | 5 | २५०००० | |
| १२ | राना टोल कुलाईन मन्दिर डाडागाँउ निमार्ण | 5 | ५०००० | |
| १३ | ने रा आ वि पाङकोट सामाग्री खरिद | 5 | ५०००० | |
| १४ | शिव मन्दिर पोखरीपाटा निमार्ण | 5 | २००००० | |
| १५ | सुवाकाटिया सिचाई पोखरी निमार्ण | 5 | १५०००० | |
| १६ | ओखरपाटा डाँडागाँउ नाला व्यबस्थापन | 5 | २००००० | |
| १७ | वडा नं ५ को खानेपानी मुहान सिर्चाइ तथा पाईप खरिद | 5 | ५००००० | |
| १८ | नारायण प्रा वि छाना मर्मत | 5 | १५०००० | |
| १९ | सरस्वती प्रा वि सामाग्री खरिद | 5 | ५०००० | |
| २० | चौरी नयाँगाउ जोडने सडक निमार्ण | 5 | २५०००० | |
| २१ | औल सिचाई पोखरी निमार्ण | 5 | १५०००० | |
| २२ | खेतखाना बिसुना लामाढुङ्गा खा पा निमार्ण | 5 | ५०००० | |
| २३ | ऐसेलुकाटिया भैरवथान मन्दिर निमार्ण | 5 | ५०००० | |
| २४ | रोटीपानी खा पा मुहान सुधार | 5 | ५०००० | |
| २५ | टाँडपानीे सिचाई पोखरी निमार्ण | 5 | १००००० | |
| २६ | अति गरिव परिवारलाई घरवास | 5 | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| २७ | ५ नं वडा कार्यालय व्यबस्थापन खर्च | 5 | १५०००० | |
| २८ | नेहेलगाँउ प्रतिक्षालय निमार्ण | 5 | १५०००० | |
| २९ | आधारभुत अस्पतालको निमार्ण | 5 | ५००००० | |
| | जम्मा | | ४३००००० | |

## आ.व. २०७९।०८० को वडा नं. ६ को वडागत पूँजीगत अनुदान तर्फका योजना तथा कार्यक्रमहरु

| क्र.स. | योजना तथा कार्यक्रमहरुका नामहरु | वडा नं. | बजेट | कै. |
|---|---|---|---|---|
| १ | सरस्वती मा. वि. देखि जनहित सडक निर्माण | ६ | ५००००० | |
| २ | वडा नं. ६ का सबै सडक सडक सफाई | ६ | ४००००० | |
| ३ | जनहित प्रा.वि. रंगरोगन | ६ | ५०००० | |
| ४ | जीवन ज्योती आ.वि. घेरबार निर्माण | ६ | २००००० | |
| ५ | सरस्वती मा.वि. घेरबार र फर्नितर निर्माण | ६ | ६००००० | |
| ६ | देवीस्थान आ.वि. घेरबार निर्माण | ६ | २००००० | |
| ७ | गणेश प्रा.वि. खानेपानी निर्माण | ६ | ४००००० | |
| ८ | वडा कार्यालयमा व्यवस्थापन | ६ | २५०००० | |
| ९ | मूरखोला वलीटोल पाइप खरिद | ६ | २००००० | |
| १० | मुरखोला तल्लो आग्र खानेपानी पाइप | ६ | २००००० | |
| ११ | माथिल्लो लटाली खानेपानी ट्याकी निर्माण | ६ | १००००० | |
| १२ | लटालीमा मल्ल हाइटेक नर्सरी साझेदारी | ६ | २००००० | |
| १३ | धारखोला तल्लो लटाली सिचाई पाइप खरिद | ६ | १००००० | |
| १४ | डुङ्गेश्वर पुरानो बजार कल्भड निर्माण | ६ | १००००० | |
| १५ | डुङ्गेश्वर स्वास्थ्य ईकाइ सामान खरिद | ६ | १००००० | |
| १६ | स्वयंसेवीका प्रोत्साहन भत्ता | ६ | ५०००० | |
| १७ | प्रहरी चौकी मर्मत | ६ | १००००० | |
| १८ | कृषिमा टनेल खरिद कार्यक्रम | ६ | २००००० | |
| १९ | उन्नत जातको बोका खरिद | ६ | २००००० | |
| २० | उन्नत मकैको बिउ खरिद | ६ | ५०००० | |
| | जम्मा | | ४२००००० | |